केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <bfird@nrb.org.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/३९/०६५/६६ मिति : २०६६/१/७

सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयका सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. नेपालबाट विदेशमा पूंजीगत लगानी गर्ने गरी पूंजी खाता खुल्ला नगरिएता पनि यस बैंकबाट इजाजतपत्रप्राप्त "क" वर्गका वाणिज्य बैंकहरुले आफ्नो प्रबन्धपत्रमा "नेपाल राष्ट्र बैंकको पूर्वस्विकृति लिई विदेशमा पूंजीगत लगानी नहुने गरी गैह्र कोषमा आधारित विभिन्न प्राविधिक सेवा (Technical Service) विदेशी बैंक तथा वित्तीय संस्थाहरुलाई प्रदान गर्न सकिने छ ।" भन्ने नीतिगत व्यवस्था कायम गर्ने ।

२ बैंक तथा वित्तीय संस्थाले कर्जासंग सम्बन्धित कर्जा तमसुक (Loan Deed), धितोबन्धक लिखत (Mortgage Deed), Hypothecation Agreement र Trust Receipt Agreement अनिवार्यरुपमा देवनागरी लिपी नेपाली भाषामा तयार गर्नुपर्ने र Consortium Loan Agreement, Letter of Assignment, Letter of Guarantee को हकमा हाललाई अंग्रेजी भाषामा समेत तयार गर्न सकिने साथै, यी कागजातहरुलाई पनि क्रमिक रुपमा नेपाली भाषामा तयार गर्दै जाने नीतिगत व्यवस्था गर्ने ।

३. बैंक तथा वित्तीय संस्थाले वित्तीय विवरण प्रकाशन गर्दा नेपाल लेखामान - ९ (Nepal Accounting Standard - 9) अनुसार स्थगन कर (Deferred Tax) को विषयमा समेत खुलासा (Disclosure) गर्नु पर्ने विद्यमान अवस्था भएकोले सो शीर्षकलाई वित्तीय विवरणमा देहाय बमोजिम हुने गरी प्रकाशन गर्ने व्यवस्था मिलाउन यस बैंकबाट इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशन, २०६२ को निर्देशन नं. ४ का अनुसूचिहरुमा समेत निम्नानुसार आवश्यक संशोधन गर्ने ।

   १. नाफा नोक्सान हिसावमा आयकर व्यवस्था शीर्षक अन्तर्गत हाल कायम रहेको नियमित प्रकृतिको कर खर्च (Current Tax) को अलावा यस वर्षको स्थगन कर ((Deferred Tax) शीर्षकमा आम्दानी/खर्च लेखांकन गर्नु पर्ने ।

   २. गत वर्षसम्मको स्थगन कर आम्दानी/खर्च सोझै इक्विटीमा लेखांकन गर्नु पर्ने भएकोले "इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण" मा शुरु मौज्दात शीर्षकपछि समायोजन प्रयोजनका लागि "स्थगन कर" उप-शीर्षक थप गरी समायोजीत शुरु मौज्दात देखाउनु पर्ने ।

   ३. वासलातमा स्थगन कर सम्पत्ति एवं दायित्वको छुट्टै शीर्षक कायम गर्नु पर्ने भएकोले यसलाई वासलातको अन्य दायित्व/सम्पत्ति सम्बन्धी अनुसूचिमा "अन्य" भन्दा माथि स्थगन कर दायित्व/सम्पत्ति उप-शीर्षक कायम गर्नुपर्ने ।

   ४ वार्षिक प्रतिवेदनको लेखा सम्बन्धी टिप्पणीमा स्थगन कर गणनाको लागि अपनाईएको करको दर र सो अपनाउनुको आधार, करयोग्य एवं कर गणना गर्दा घटाउन मिल्ने अस्थायी फरकहरु, गणना गरिएको स्थगन कर र सो वापत सृजना हुन गएको सम्पत्ति तथा दायित्वको विस्तृत विवरण खुलाउनु पर्ने ।

नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <bfird@nrb.org.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

५. स्थगन कर सम्बन्धी उपरोक्त लेखांकन क्रियाकलापका कारण कुनै पनि तवरबाट सृजना हुने/हुन सक्ने मुनाफाका आधारमा शेयरधनीहरुलाई लाभांश/वोनस वितरण गर्न नपाईने ।

भवदीय,

(लक्ष्मीप्रपन्न निरौला)
निर्देशक

<u>बोधार्थ :</u>

१. श्री नेपाल सरकार, अर्थ मन्त्रालय ।
२. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
६. श्री नेपाल राष्ट्र बैंक, जिल्ला स्थित कार्यालयहरु ।
७. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
८. श्री विकास बैंक तथा वित्तीय संस्था संघ नेपाल, बबरमहल, काठमाण्डौं ।
९. श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं ।